श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### हुलाक ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– हुलाक ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "हुलाक (पहिलो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः–

(ट) "हुलाक टिकट" भन्नाले हुलाक वस्तुमा लाग्ने हुलाक महसूल वा अरू कुनै दस्तूर वा रकम अंकित गर्न श्री ५ को सरकारले निकालेको टिकट सम्झनु पर्छ र सो शब्दले कुनै खाम, हुलाक पत्र वा अरू कुनै वस्तुमा छापेर, इम्बस वा इम्प्रेस गरेर वा फ्रेङ्किङ मेशिनद्वारा अंकित गरेर लगाइएको टिकटको निस्सालाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

(घ) वायुसेवाद्वारा सञ्चालित एयर डकुमेण्ट पठाउने वा डेलिभरी गर्ने ।

४. मूल ऐनको दफा ५ पछि थपः– मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. र ५ख. थपिएको छः–

५क. डाँक ढुवानी गर्नु पर्नेः– कुनै सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कुनै व्यक्ति वा संस्थालाई श्री ५ को सरकारले डाँक ढुवानी गर्न अनुरोध गरेमा त्यस्तो व्यक्ति वा संस्थाले पनि यात्रु वा मालसामानलाईभन्दा बढी प्राथमिकता दिई अनिवार्य रूपले त्यस्तो डाँक ढुवानी गर्नु पर्नेछ र सो ढुवानी गरे बापत सम्बन्धित व्यक्ति वा संस्थालाई मनासिब माफिकको भाडा दिइनेछ ।

५ख. घाट ठेक्का लिनेलाई डाँक निःशुल्क तार्न कबूलियत गराउनु पर्नेः– (१) प्रचलित नेपाल कानूनबमोजिम घाट ठेक्का दिने अधिकार प्राप्त कार्यालय वा संस्थाले त्यस्तो ठेक्का दिंदा श्री ५ को सरकारबाट सञ्चालित हुलाक व्यवस्थासम्बन्धी डाँक निःशुल्क तार्नेछु भनी ठेक्का लिनेलाई कबूलियत गराउनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि भएका घाट ठेक्काहरूका सम्बन्धमा निःशुल्क डाँक तार्ने व्यवस्था गर्न श्री ५ को सरकारले ठेक्दारसंग छुट्टै व्यवस्था गर्न सक्नेछ ।

५. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

८. बैदेशिक हुलाक महसूल तोक्ने श्री ५ को सरकारको अधिकारः– (१) हुलाक वस्तुहरू हुलाकबाट आदान-प्रदान गर्ने सम्बन्धमा यूनिभर्सल पोष्टल यूनियन (विश्व हुलाक संघ) को सदस्य राष्ट्र वा अन्य कुनै विदेशी राष्ट्रसंग श्री ५ को सरकारको सम्झौता भएकोमा सोही सम्झौता बमोजिमको आधारमा र सम्झौता नभएकोमा सदस्य राष्ट्रका हकमा भए विश्व हुलाक संघको कन्भेन्सनको आधारमा र सदस्य राष्ट्र नभएका अन्य कुनै विदेशी राष्ट्रका हकमा भए आपसी समझदारीको आधारमा हुलाक वस्तुहरू पठाउँदा लाग्ने हुलाक महसूल र अरू दस्तूरहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम तोकेको महसूल र दस्तूर असूल गर्दाको शर्त बन्देजहरूको सम्बन्धमा श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

६. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले खास गरेर देहायका कुराहरूको पनि व्यवस्था गर्न सक्नेछ :–

(क) हुलाक टिकटको बिक्री दर तोक्ने,

(ख) हुलाक महसूल वा अरू दस्तूर चुक्ता गर्नको निमित्त हुलाक वस्तुको श्रेणी तोक्ने,

(ग) प्वाल परेका, च्यातिएका, विकृत भएका र त्यस्तै अरू टिकट प्रचलनमा ल्याउन नसकिने अवस्था तोक्ने,

(घ) हुलाक टिकटको जिम्मा, बिक्री–वितरण र प्रयोग नियमित गर्ने,

(ङ) हुलाक टिकट बिक्री गर्न पाउने गैर सरकारी व्यक्ति र निजले बिक्री गर्दा पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू तोक्ने,

(च) हुलाक टिकट बिक्री गर्ने गैर सरकारी व्यक्तिको कर्तव्य तथा पारिश्रमिक तोक्ने,

(छ) अन्तर्राष्ट्रिय जवाफी पत्र (कूपन) प्रचलनमा ल्याउने र त्यसको सट्टी दर तोक्ने,

(ज) संयुक्त राष्ट्र संघबाट बिक्रीको लागि प्राप्त टिकटहरू बिक्री गर्ने ।

७. मूल ऐनको दफा १४ मा संशोधनः– (१) मूल ऐनको दफा १४ को उप-दफा (२) मा रहेको "सामयिक खबर वा तत्सम्बन्धी अरू लेखहरू" भन्ने बाक्यांशको सट्टा "सामयिक खबर र तत्सम्बन्धी अरू लेखहरू" भन्ने बाक्यांश राखिएको छ ।

(२) मूल ऐनको दफा १४ को उप-दफा (३) को प्रतिबन्धात्मक बाक्यांशमा रहेको "सामयिक खबर वा तत्सम्बन्धी अरू लेखहरू" भन्ने बाक्यांशको सट्टा "सामयिक खबर र तत्सम्बन्धी अरू लेखहरू" भन्ने बाक्यांश राखिएको छ ।

८. मूल ऐनको दफा १६ मा थपः– मूल ऐनको दफा १६ को खण्ड (ङ) लाई खण्ड (च) गरी देहायको खण्ड (ङ) थपिएको छ ।

(ङ) जुन मुलुकमा पठाइने हो त्यस्तो मुलुकले हुलाकबाट पठाउन निषेध गरेको वस्तुहरू ।

९. मूल ऐनको दफा १७ मा संशोधन.– (१) मूल ऐनको दफा १७ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

(१) हुलाक वस्तुहरू हुलाकबाट पठाउने वा डेलिभरी गर्ने सम्बन्धमा श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) मूल ऐनको दफा १७ को उप-दफा (२) को खण्ड (ङ) मा रहेको "चिट्ठी बाहेक अरू खबर आदान–प्रदान गर्ने" भन्ने बाक्यांश झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

(३) मूल ऐनको दफा १७ को उप-दफा (२) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएको छः–

(च) हुलाक मञ्जूषा (पोष्ट बक्स) को व्यवस्था गर्ने र सो प्रयोग गरे बापत लाग्ने दस्तूर तोक्ने,

(छ) बन्द थैला (पोष्ट व्याग) को सहूलियत प्रदान गर्ने र सो बापतको दस्तूर तोक्ने ।

१०. मूल ऐनको दफा २१ मा संशोधनः– मूल ऐनको दफा २१ को उप-दफा (१) मा रहेको "नेपाल अधिराज्य बाहिरबाट" भन्ने शब्दहरू झिकिएको छ ।

११. मूल ऐनको दफा २६ मा थपः– मूल ऐनको दफा २६ को उप-दफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

(घ) हराएको रजिष्टरीको खोजतलास गर्ने तरीका र सो हराए बापत दिइने क्षतिपूर्तिको रकम ।

१२. मूल ऐनको दफा ३६ मा संशोधनः– मूल ऐनको दफा ३६ को प्रतिबन्धात्मक बाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक बाक्यांश राखिएको छ ।

तर,

(क) त्यसरी बुझाउन नसकेका हुलाक वस्तुमा चिट्ठी भए नष्ट गर्ने र अरू हुलाक वस्तुको हकमा सडी गली नजाने किसिमको बिक्री योग्य चीज वस्तु वा नगद रकम भए त्यस्तो चीज वस्तु वा नगद रकमलाई एक वर्षको अवधिसम्म फिर्ता चिट्ठी फाँटमा राखी छोडिनेछ र सो अवधिसम्म कसैले आफ्नो हक देखाउन नसकेमा नगद रकम भए नगदै र बिक्री योग्य चीज वस्तु भए बढाबढीमा बिक्री गरी आएको नगद रकमलाई श्री ५ को सरकारको सर्व सञ्चित कोषमा दाखिल गरिनेछ ।

(ख) वैदेशिक हुलाक वस्तु भए जुन राष्ट्रबाट त्यस्तो हुलाक वस्तु प्राप्त हुन आएको हो त्यस्तो राष्ट्रसंग श्री ५ को सरकारको कुनै सम्झौता भएमा सोही सम्झौता बमोजिम र त्यस्तो सम्झौता नभएमा यूनिभर्सल पोष्टल यूनियन (विश्व हुलाक संघ) को कन्भेन्सन अनुसार फर्छ्याउनु पर्छ ।

१३. मूल ऐनको दफा ३९ मा संशोधनः– मूल ऐनको दफा ३९ को सट्टा देहायको दफा ३९ राखिएको छः–

३९. हुलाक आदेशको व्यवस्था गर्ने अधिकारः– (१) श्री ५ को सरकारले समय समयमा तोकेको रकम हुलाकद्वारा आदान–प्रदान गर्न सकिने गरी उपयुक्त देखेको ढाँचाको हुलाक आदेश प्रचलनमा ल्याउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(२) उप-दफा (१) बमोजिम प्रचलनमा ल्याइएका हुलाक आदेश पठाउँदा, बिक्री गर्दा, खारेज गर्दा वा त्यसको भुक्तानी गर्दा लाग्ने कमिशनको दर, अपनाउनु पर्ने तरीका र पालन गर्नु पर्ने अन्य शर्त बन्देजहरूको सम्बन्धमा श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(३) हुलाक आदेश बिक्री गर्ने र भुक्तानी दिने हुलाक अड्डाको नाम समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी महा-निर्देशकले तोक्नेछ ।

१४. मूल ऐनमा परिच्छेद ८क. थप:– मूल ऐनको परिच्छेद ८ पछि देहायको परिच्छेद ८क. थपिएको छ:–

परिच्छेद–८क.

बचत बैंकसम्बन्धी व्यवस्था

४२क. बचत बैंकको काम गर्ने पाउने हुलाक अड्डा:– सानातिना रकम जम्मा गर्न चाहने व्यक्तिलाई बैंकिङ सुविधा प्रदान गर्ने काम सञ्चालन गर्नको लागि श्री ५ को सरकार-ले कुनै हुलाक अड्डालाई तोक्नेछ ।

४२ख. बचत बैंकसम्बन्धी नियम बनाउने अधिकार:– (१) दफा ४२क. को प्रयोजनको लागि अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकको परामर्श लिई श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) को सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरूमा खास गरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ –

(क) बचत बैंकमा राख्न सकिने अधिकतम र न्यूनतम रकमको हद,

(ख) बचत बैंकमा रकम जम्मा गरे बापत दिइने ब्याजको दर,

(ग) नाबालक, अविवाहिता वा विधवा स्त्रीलाई बचत बैंकको सुविधा दिंदा अपनाउनु पर्ने तरीका तथा कार्यविधि,

(घ) अप्रचलित खाता र खाता स्थानान्तरको व्यवस्था,

(ङ) बचत बैंकसम्बन्धी अन्य व्यवस्थाहरू ।

१५. मूल ऐनको दफा ४३ मा संशोधन:– मूल ऐनको दफा ४३ मा रहेको "बढीमा ने. रू. पचाससम्म जरिवाना हुनेछ" भन्ने बाक्यांशको सट्टा "पाँचसय रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ" भन्ने बाक्यांश राखिएको छ ।

१६. मूल ऐनको दफा ६२ मा संशोधन:– मूल ऐनको दफा ६२ मा रहेको "कुनै प्रयोजनको निमित्त" भन्ने शब्दहरूको सट्टा "पुनः" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मूल ऐनको दफा ६३ मा संशोधनः– मूल ऐनको दफा ६३ मा रहेको "वा अघि प्रयोग भइसकेको भन्ने थाहा भएको कुनै हुलाक टिकट बेचबिखन गरेमा" भन्ने वाक्यांश झिकिएको छ ।

१८. मूल ऐनको दफा ६४ मा संशोधनः– मूल ऐनको दफा ६४ को सट्टा देहायको दफा ६४ राखिएको छः–

६४. हुलाक टिकट वा हुलाक वस्तुसम्बन्धी कसूरमा थप सजायः– कुनै व्यक्तिले हुलाक टिकट, हुलाक आदेश वा जवाफी पत्र (कूपन) र हुलाकबाट चलान गर्दाको अवस्थाको हुलाक वस्तु वा त्यसमा रहेको कुनै चीजवस्तुको चोरी, डाँका, किर्ते वा जालसाजी गरेमा त्यस्तो कसूर बापत प्रचलित नेपाल कानूनबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

१९. मूल ऐनको दफा ७० मा संशोधनः– मूल ऐनको दफा ७० को सट्टा देहायको दफा ७० राखिएको छः–

७०. अधिकार सुम्पन सक्नेः– श्री ५ को सरकारले यो ऐनबमोजिम आफूलाई प्राप्त नियम बनाउने अधिकार बाहेक कुनै वा सबै अधिकार महा–निर्देशकले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम प्राप्त भएको कुनै अधिकार महा-निर्देशकले श्री ५ को सरकारको स्वीकृति लिई क्षेत्रीय निर्देशकलाई सुम्पन सक्नेछ ।

२०. रूपान्तरः– मूल ऐनमा प्रयोग भइरहेको "डाइरेक्टर" भन्ने शब्दको सट्टा "महा-निर्देशक" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।